चार

# के थियो प्रतिकार, कहाँ गए हतियार ?

**दीपक ज्ञवाली**

## पृष्ठभूमि

२०४६ सालको संयुक्त जनआन्दोलन नेपालको राजनीतिमा एउटा ऐतिहासिक फड्को थियो। जनआन्दोलनको सफलतासँगै कैयौँ तत्कालीन माग पूरा भए पनि नेपाली राजनीतिमा असन्तुष्टि जारी रह्यो। राजनीतिक एजेन्डा पनि परिवर्तन भए। थप अधिकारका लागि ठूलठूला संघर्ष भए। तीमध्ये एक प्रमुख थियो—तत्कालीन नेकपा माओवादीको सशस्त्र युद्ध।

यो युद्धका क्रममा झन्डै १७ हजारको ज्यान गयो। यस क्रममा धेरै बेपत्ता, घाइते र अपांग भए। कात्तिक २२, २०६३ को १२ बुँदे विस्तृत शान्ति सम्झौता नेपालको शान्ति प्रक्रियाको लागि कोशेढुंगा साबित भयो। शान्ति सम्झौता यता तत्कालीन विद्रोही पक्ष माओवादी पटक-पटक सत्तामा गयो। लामो पहल र नेपालस्थित संयुक्त राष्ट्र संघीय मिसन (अनमिन) को मध्यस्थतामा तत्कालीन माओवादीका हतियार र लडाकू व्यवस्थापन भए। सरकार, माओवादी र संयुक्त राष्ट्र संघ बीचको समझदारी अनुसार अनमिनको रोहबरमा हतियार व्यवस्थापन भएपछि शान्ति प्रक्रियाले अर्को ठूलो फड्को मार्‍यो। माओवादी पार्टीले शान्ति सम्झौता गर्‍यो र पछि केही पटक आफैले युद्ध गरेको पार्टीसँग सत्ता साझेदारी गर्‍यो।

तर त्यो बेला युद्ध गरेका सहकर्मीहरूकै बेमेलका कारण तत्कालीन नेकपा माओवादी पार्टी टुटफुटको शृंखलाको शिकार भयो। पछि पुष्पकमल दाहाल “प्रचण्ड” नेतृत्वको एकीकृत नेकपा (माओवादी) र केपी शर्मा ओली नेतृत्वको नेकपा (एमाले) पार्टी २०७५ सालमा एकीकृत भए। दुवै पार्टी एक भई पहिलो पटक झन्डै दुई तिहाईको शक्तिशाली कम्युनिस्ट सरकार बन्यो। तर मोहन वैद्य किरण, डा. बाबुराम भट्टराई, नेत्रविक्रम चन्द

(विप्लव) लगायत पूर्व माओवादी नेताहरू भिन्नाभिन्नै बाटोतिर लागे । संविधान सभा निर्वाचन, गणतन्त्र घोषणा, स्थानीय र प्रदेश निर्वाचन, संघीयता कार्यान्वयनको अभ्यास जस्ता अनेक ऐतिहासिक शृंखलाबीच अहिले संघमा माओवादी र एमाले एक भएर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को दुई तिहाईको सरकार क्रियाशील छ भने प्रदेश र स्थानीय सरकारमा उसकै प्रभुत्व छ ।[१]

शान्ति प्रक्रियाको क्रममा तत्कालीन माओवादीका हतियार व्यवस्थापन भए पनि सशस्त्र हिंसा र क्षतिका घटना भइरहेका छन् । देशमा स्थिरता र शान्ति जुनसुकै बेला पनि बिथोलिन सक्ने अवस्था छ । यसको एउटा कारण हो, त्यति बेला माओवादीलाई दबाउन गठन भएका प्रतिकार समूहहरूसँग भएका ठूलो संख्याका हतियार । माओवादी युद्धकालमा प्रतिकारका लागि गठित सशस्त्र समूहहरू गाउँ-गाउँसम्म फैलिएका थिए । शान्ति सम्झौतासँगै माओवादीको प्रतिकारका लागि बनाइएका समूह पनि लाखापाखा लागे पनि, र केही प्रतिकारवादी र केही माओवादी लडाकूहरू हतियारको शृंखला छाडेर धर्मकर्ममा लागे पनि,[२] प्रतिकार र प्रतिकारवादीहरूसँग भएका हतियार पूर्ण रूपमा व्यवस्थापन भएको छैन । शान्ति खलबल्याउन सक्ने प्रतिकारवादीका हतियारबारे अहिलेसम्म कुनै छलफल, खोज र लेखाजोखा भएको देखिँदैन । माओवादी सशस्त्र युद्धको इतिहाससँग जोडिएको यति ठूलो पाटोबारे कतै व्यवस्थित खोजी अध्ययन समेत भएको देखिँदैन ।

यसै परिप्रेक्ष्यमा यो लेखमा माओवादी विरुद्ध भएको प्रतिकार, प्रतिकारवादी, र प्रतिकारवादीसँग भएका हातहतियारबारे चर्चा गरिन्छ । यस्तो प्रतिकार मूलतः तराई-मधेसमा

[१]पछिल्लो पटक सत्ता साझेदार दल समाजवादी पार्टी, नेपाल बाहिरिए पनि मधेस-केन्द्रित अर्को दल राष्ट्रिय जनता पार्टी सत्तासँग नजिकिएको छ । यसको पछिल्लो प्रमाण हो, माघ २०७६ मा भएको राष्ट्रिय सभा निर्वाचनमा नेकपा र उसको गठबन्धन ।

[२] उदाहरणका लागि, भारतमा विभिन्न अपराधमा मुछिएका नवलपरासीका मुरारी पहलमान पहिले गोलीको माला लगाउँथे (हेर्नुहोस् तस्बिर १), अहिले रुद्राक्षको । शुरूमा उनले माओवादीलाई संरक्षण दिएका थिए । माओवादीले पनि उनलाई प्रशस्त प्रयोग गरेको थियो । तर २०५८ सालमा माओवादीले आफूलाई अपहरण गरेपछि उनी माओवादी विरोधी भए । दीक्षित (२०६४ : ११८–१२०) का अनुसार रातदिन गोलीको माला लगाएर मार्ने र मर्ने मात्र भाषा बोल्ने, र धेरै हिंसाका घटनासँग प्रत्यक्ष जोडिएका उनै मुरारी आजभोलि साधु (भगत) बनेका छन्, माछा-मासुसम्म खाँदैनन्, निधारमा चन्दनको लर्को टीका लगाउँछन् र गलाभरि तुलसी र रुद्राक्षका माला लगाउँछन् । यो लेखक वैशाख २३, २०६४ मा उनलाई भेट्न भारतीय सीमा नजिकको गाउँ पक्लिहवाको रतनगञ्जस्थित उनको घर पुग्दा उनी ध्यान र पूजामा व्यस्त थिए । धेरै घण्टाको प्रतिक्षापछि उनी अनौठो स्वरूपमा पूजाकोठाबाट बाहिर निस्किए । उनका बालबच्चा पनि उनकै भेषभूषामा थिए । उनको साथमा गाउँका केही साधु पनि थिए । उनको घरको स्वरूप त झन् विचित्रको देखिन्थ्यो—भित्ताभरि भगवानका तस्बिरै तस्बिर ।

भएको थियो । मधेसमा पनि कपिलवस्तु, नवलपरासी र रुपन्देही जिल्लामा सबभन्दा सशस्त्र र सशक्त प्रतिकार भएका थिए । यो लेखमा खास गरी कपिलवस्तु र नवलपरासी जिल्लामा भएका प्रतिकारबारे र ती प्रतिकारवादीका हातहतियार कति व्यवस्थित भए-भएनन्, र त्यसले शान्ति सुरक्षामा पारेको असरबारे विश्लेषण गरिन्छ । लेखको पहिलो खण्डमा प्रतिकार के थियो, कसरी प्रतिकारवादीलाई सरकारले उक्सायो र सेनाले तालिम दियो, र प्रतिकारको शृंखला कसरी चल्यो भन्नेबारे चर्चा गरिन्छ ।



*तस्बिर १ : गोलीको मालामा मुरारी पहलमान ।*

दोस्रो खण्डमा ती हतियार कहाँ गए भन्नेबारे जानकारी दिइन्छ, र नवलपरासीमा भएका हतियारको तथ्यांक दिने प्रयास गरिन्छ । साथै, व्यवस्थापन गरिएका वा लुकाएर राखेका हतियार नै मधेसमा भएका र हुने गरेका आतंकको एउटा प्रमुख स्रोत भएको तर्क गरिन्छ । त्यस पछिको खण्डमा हतियार व्यवस्थापनका प्रयासबारे चर्चा गरिन्छ, जस अन्तर्गत विभिन्न हतियारधारी समूहसँग सरकारले गरेका वार्ता पर्दछन्, जुन अझै पनि टुंगोमा पुगेको छैन । निष्कर्षमा, अहिले सशस्त्र समूह नरहे पनि ती हतियारले अझै पनि शान्तिमा खलल पुऱ्याउन सक्ने भएकोले तिनको व्यवस्थापन हुनुपर्नेमा जोड दिइन्छ ।

## के थियो प्रतिकार ?

माओवादी युद्ध चर्किरहेको बेला उनीहरूको बल घटाउन, प्रभाव कम गर्न, र पराजित गर्न तत्कालीन शाही सरकारलाई चुनौती बनिरहेको थियो । यही बेला पश्चिम तराईका तीन जिल्ला नवलपरासी, रुपन्देही र कपिलवस्तुमा माओवादी विरुद्ध सशस्त्र समूहहरू खडा भए । यस्ता समूह खडा भएदेखि शान्ति प्रक्रिया टुंगिदासम्म (२०६१ असारदेखि २०६३ मंसिर) सम्म दुवै पक्षबीच धेरै भिडन्त भए । तीन जिल्लामा प्रतिकारवादी र माओवादीबीच भएका रक्तपातपूर्ण भिडन्तमा डेढ सयभन्दा बढीको ज्यान गयो । तीमध्ये केही राजनीतिक कार्यकर्ता, विद्रोही र अपराधी थिए भने बाँकी निर्दोष सर्वसाधारण । धनसम्पत्तिको नाश उत्तिकै भयो ।[३]

माघ १९, २०६१ पछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले प्रत्येक नेतृत्व गरेको सरकारले माओवादी विरुद्ध भिड्न सीमावर्ती क्षेत्रका कैयौँ बाहुबली, अपराधकर्मी र माओवादी-पीडित सर्वसाधारणलाई हतियार, तालिम, संरक्षण, उक्साहट, र आश्वासन दिएर चलाएको संगठित अभियान नै प्रतिकार थियो ।

प्रतिकारको शुरूआत कपिलवस्तु, नवलपरासी र रुपन्देहीमा एकैजसो समयमा भएको थियो । कपिलवस्तुमा भएजस्तै हिंसाको स्वरूप सरकारी संरक्षणमा नवलपरासी र रुपन्देहीमा समेत फैलियो । जिल्लाका गाउँ र वडासम्म सञ्जाल विस्तार गरेर प्रतिकारलाई अघि बढाइयो । माओवादी विरुद्ध प्रतिकार गर्ने नाममा शाही शासन कालमा सरकारबाट पाएको प्रोत्साहन, तालिम र संरक्षणका भरमा पश्चिम नेपालका तीन जिल्लामा प्रतिकारवादीहरूले "खतरनाक सशस्त्र सञ्जाल" खडा गरे ।

कपिलवस्तुमा पहिलो पटक जेठ २०६१ को दोस्रो सातादेखि माओवादीको प्रतिकार गर्न संगठित स्वरूप बन्यो (ज्ञवाली २०६३) । शुरूमा हथिहवा र पिठवा गाउँमा ७० जनाभन्दा बढी सशस्त्र व्यक्ति संगठित रूपमा माओवादीको प्रतिकारमा उत्रिए । त्यसको नेतृत्व गर्ने प्रितम पाण्डे पहिले माओवादीकै सहयोगी थिए । पहिले माओवादीलाई सघाएका पाण्डेले पछि गएर अन्ततः माओवादीकै विरुद्धमा सशस्त्र समूह बनाए र माओवादी विरुद्ध खुलेआम प्रतिकारको घोषणा गरे । उनी सार्वजनिक रूपमै माओवादीलाई सिध्याउने प्रतिक्रिया दिन्थे ।[४] त्यस बेला माओवादी र उनको नेतृत्वमा रहेको समूहबीच दिनदिनै लुकामारी हुन्थ्यो । ती दुवै समूह भूमिगत थिए, तर दुवैको आश्रयस्थल भारत नै थियो ।

[३] यसको विस्तृत विवरणको लागि, हेर्नुहोस् ज्ञवाली (२०६७) ।

[४] *समय* साप्ताहिकमा प्रितम पाण्डे र भारतीय सुरक्षाकर्मीको प्रतिक्रिया छापिएको थियो । पाण्डेको प्रतिक्रिया थियो, "माओवादीहरूले हामीलाई सताए । उनीहरूलाई छाड्दैनौँ । हामीसँग ७५ जनाको सशस्त्र समूह अत्याधुनिक हतियार सहित छ । माओवादीको केन्द्रीय नेतृत्व खराब छैन । तर स्थानीय कार्यकर्ताले जनतालाई सताएका छन् ।"

उनको घरसँगै जोडिएका छिमेकीहरू दिनमा घरमै बसे पनि रात परेपछि भारत पस्थे, अर्को दिन बिहान नेपाल भित्रिन्थे । पाण्डेको समूहले स्थानीयसँग चन्दा माग्थे, धम्क्याउँथ्यो । तर उनको समूहको त्रासले स्थानीयहरू प्रतिकारवादीबारे बोल्न सक्दैनथे, किनभने उनीहरूले स्थानीय दुई युवालाई चोकमै गोली हानेर मारिएको दृश्य देखेका थिए ।[५]

देशमा माओवादीले सामना गरेको प्रतिकार यो मात्रै थिएन । सोही अवधिमा बाग्लुङ र प्युठानमा पनि माओवादीको प्रतिकार स्वरूप नेकपा मसालको वैधानिक मोर्चा राष्ट्रिय जनमोर्चाले तत्कालीन माओवादी विरुद्ध भण्डाफोर अभियान संचालन गरेको थियो, र दैलेखमा पनि प्रतिकारको रूप देखा परेको थियो (ज्ञवाली २०६१क) । तर त्यो प्रतिकार पश्चिम तराईमा जस्तो सशस्त्र थिएन । त्यो माओवादीविरुद्ध महिलाहरूको आक्रोश थियो, जुन केही समयपछि मत्थर भयो । दैलेखको प्रतिकारबारे माओवादीभित्र पनि विवाद जन्मियो । डा. बाबुराम भट्टराई लगायतले त्यसलाई नेतृत्वको कमजोरीको परिणाम भन्दै प्रतिक्रिया जनाए (घिमिरे २०६१) । २०६२ सालकै सेरोफेरोमा एक अर्को समूहले पनि माओवादीविरुद्ध प्रतिक्रिया जनाएको थियो । आफूलाई माओवादी-पीडित बताउने गणेश चिलवालको नेतृत्वले वैशाख २०६३ देखि एक महिना काठमाडौँको खुल्ला मञ्चमा शिविर बनाई आन्दोलन गरेको थियो । उक्त समूहका व्यक्तिहरू पटक-पटक पक्राउ पर्थे र रिहा हुन्थे (हेर्नुहोस्, शाह २०६२) ।

## *सरकारी उक्साहट, सैनिक ब्यारेकमा तालिम*

प्रतिकारको पहिलो अभ्यास सरकारकै मन्त्रीहरूले कपिलवस्तुबाट शुरू गरे । उनीहरूले प्रतिकारवादीहरूलाई हतियार, तालिम र संरक्षण दिने घोषणा अनुसार स्थानीय प्रशासनले सम्पूर्ण व्यवस्था तथा बन्दोबस्त मिलायो । सरकारले ल्याएका बाहेक, प्रतिकारवादीहरूले आफैले ल्याएका हतियारमा नम्बर लगाएर वैधानिकता दिइयो ।

---

त्यस्तै, सिद्धार्थनगर जिल्ला प्रहरी थाना, लालपुरका थानेदारको प्रतिक्रिया थियो, "हत्या, डकैती, लुट, बलात्कार लगायत २२ ओटा मुद्दामा हामी प्रितमलाई पक्रन खोजिरहेका छौँ । उनको दोहोरो नागरिकता छ । उनलाई नेपालको प्रशासनबाटै संरक्षण छ" (ज्ञवाली २०६३) ।

[५] ती दुई मृतक हथिहवाका रामलखन कुर्मीका भाइ चौधरी कुर्मी र छोरा चेतन कुर्मी थिए । घटनाबारे रामलखनको भनाइ थियो, "साँझ ८ बज्न लागेको थियो । घर नजिकै व्यस्त चोक फुटवाको बगैँचामा अचानक गोली चल्यो । ... उनीहरू भैरहवामा धानको चोकर बेचेर घर फर्कंदै थिए । मेरै अगाडि प्रितम र धर्मेन्द्र सिंहको समूहले पैसा मागे । उनीहरूले मागे जति १ लाख ७० हजार पनि दिएँ, जुन रकम उनीहरूले चोकर बेचेर ल्याएका थिए । भाइ र छोरालाई नमार्न बिन्ती गर्दै उनीहरूको खुट्टा ढोगेँ । तर मैरै अगाडि मेरो भाइ र छोरालाई उनीहरूले मारे । प्रितम र धर्मेन्द्रसँग १४ जना सहयोगी थिए" (ज्ञवाली २०६३) ।

मधेसमा प्रतिकारमा लाग्ने फुर्तिला र फुर्सदिला युवालाई मासिक एक हजार रुपैयाँ तलब दिने आश्वासनका साथ कमान्डरजस्ता पद तोकिए । पुस २०६१ मा कपिलवस्तुमा “ग्रामीण स्वयंसेवक समिति” का नाममा प्रतिकारवादीहरूका निम्ति बकाइदा विधान जारी गरियो, जसमा “काम सकिएपछि हतियार सरकारलाई बुझाउने” शर्त पनि राखियो । उनीहरूलाई सरकारी सैनिक ब्यारेकमा तालिम दिइयो । मासिक तलबको पनि व्यवस्था गरियो । सेनाले हतियार दियो, र हतियार चलाउन तालिम पनि ।

प्रतिकारवादी अगुवा मुन्ना खाँका अनुसार त्यति बेला गाउँ-गाउँमा प्रतिकार समिति बनाएर सेनाले सैन्य तालिम दिएका थिए । खाँका अनुसार एक गाविसबाट चार जनाका दरले दश गाविसका ४० जना युवालाई नवलपरासीको त्रिवेणी ब्यारेकमा बन्दुक चलाउने तालिम दिइयो (ज्ञवाली २०६७) । यसैको अर्का एक प्रमाण थिए, कपिलवस्तुका प्रतिकार अगुवा पप्पु (सलाउद्दीन खान) । उनले गोरुसिंगेस्थित शिवदल गणबाट १२ बोरको पिस्तोल पाएका थिए । उनले तीन महिनासम्म १२ सय रुपैयाँका दरले तलब पनि पाए । यस्तै तालिम सेनाको २२ नम्बर बाहिनी बुटवलमा पनि दिइयो (ज्ञवाली २०६७) । यसरी त्यही बेला प्रतिकारवादी अगुवाहरू राज्यबाटै आफूहरूलाई सहयोग भएको स्वीकार्थे ।

माघ २०६१ मा कपिलवस्तुको धनकौली गाविसको मलावामा प्रतिकार समूहबाट छ जना माओवादी मारिए । घटना लगत्तै स्थलगत अध्ययनमा पुगेका तत्कालीन गृहमन्त्री कमल थापाले प्रतिकारमा उत्रने गाउँलेहरूलाई हतियार दिने घोषणा गरे (ज्ञवाली २०६१ख) । त्यसपछि फागुन ६ देखि ९ गतेसम्म चार दिनभित्र कपिलवस्तुको साबिक गणेशपुर, खरछरिया र भगवानपुर गाविसमा प्रतिकारवादीको आक्रमणबाट २१ माओवादी नेता-कार्यकर्ता मारिए (ज्ञवाली २०६१ख) । फागुन ६ मा गणेशपुर र भगवानपुरमा माओवादी जिल्ला जनसरकार सदस्य अलिअख्तर मुसलमान सहित १२ जना मारिए । फागुन ७ मा गणेशपुर र खरहरिया गाविसमा माओवादी समर्थक डखी चमार, रामजान मुसलमान, रामदास, विजय तुल्ला मुसलमान र रामजन मुसलमान मारिए । सोही दिन जवामारी गाविसमा माओवादी जिल्ला अध्यक्ष विष्णु पन्थी जीवन, उनका अंगरक्षक यमबहादुर ढाल मगर, र गणेशपुर गाउँ जनसरकार प्रमुख झिल्कन यादव मारिए । अब्दुल कैयम खाँ लगायतका प्रतिकारवादीले माओवादीको ज्यादती विरुद्ध आफूहरूले कारबाही गरेको सार्वजनिक रूपमै स्वीकार गरे (ज्ञवाली २०६१ख) । यसलाई शाही नेपाली सेना २२ नम्बर बाहिनी बुटवलका तत्कालीन प्रवक्ता प्रबल विष्टले पनि स्वतःस्फूर्त रूपमा प्रतिकारमा उत्रेका गाउँलेहरूद्वारा माओवादी मारिएको अभिव्यक्ति दिए (ज्ञवाली २०६१ख) ।

त्यसपछि गृहमन्त्री कमल थापाले फागुन १०, २०६१ मा कपिलवस्तुको गणेशपुरमा पुगी उनीहरूलाई हौस्याए । मन्त्रीहरू दानबहादुर शाही, रामनारायण सिंह र राधाकृष्ण मैनालीले तिनलाई सुरक्षा दिने घोषणा गरे । प्रतिकारमा उत्रिएकाहरूलाई सम्मान गर्ने नाममा

आयोजित कार्यक्रममा मन्त्रीहरूले प्रतिकारमा उत्रिनेहरूको पूर्ण सुरक्षा दिने वचन दिए । त्यो बेला स्थानीयले माओवादी विरुद्ध चर्को नाराबाजी गरे । प्रतिकारमा उत्रिएकाहरूलाई मन्त्री र सरकारले मात्रै होइन, तत्कालीन राजा ज्ञानेन्द्रले समेत प्रोत्साहन दिए ।[६]

प्रतिकारका नाममा चलेको भिडन्त भयावह थियो । प्रतिकारवादीले कपिलवस्तुका विष्णु पन्थी लगायत माओवादीका दर्जनौँ नेता-कार्यकर्ताको हत्या गरे, कैयौँको हतियार खोसे र सयौँ माओवादीलाई प्रशासनसामु आत्मसमर्पण पनि गराए । भिडन्तको चपेटामा परेर थुप्रै गाउँका हजारौँ मानिसको बेहाल भयो । माओवादीलाई संरक्षण दिएको भन्दै प्रतिकारवादीले कपिलवस्तुको हल्लानगर नामको सिंगो गाउँलाई घेरेर आगो लगाए, करिब नौ सय घर खरानी बनाइदिए । सुकुर पासी, रामबली पासी, अंगद पासी लगायत जिउँदै आगोमा डढेर मरे, हजारौँ जनता विस्थापित भए ।

त्यसले माओवादीलाई पनि झन् उत्तेजित बनायो । प्रतिकारवादीहरू बैठक बसेको ठानेर तिनले नवलपरासीको बर्गदहवा गाउँमा धावा बोले । धावामा ७ कक्षामा पढ्ने हृदयेश यादव सहित ११ गाउँले मारिए । सो दिन प्रतिकारवादीहरू भागिसकेका थिए, निर्दोषहरू मारिए (ज्ञवाली २०६१ख; अधिकारी २०६२क, २०६२ख) ।

प्रतिकारको उन्माद सर्वसाधारणसम्म फैलियो । कपिलवस्तु, गणेशपुरमा माओवादीले प्रेमबहादुर भुजेलको अपहरण गरे । उनलाई खोज्न हिँडेका आक्रोशित ३०० गाउँलेले माओवादी लुकेको आशंकामा कैयौँ बस्तीमा आक्रमण र आगजनी गरे ।

दुई थरी हतियारधारीको घानमा निर्दोष सर्वसाधारणहरू परेको अर्को घटना हो, कपिलवस्तुको पिप्रामा भएको माओवादी आक्रमण । असारको पहिलो साता भएको घटनामा प्रतिकारवादी प्रितम पाण्डेको समूहलाई लक्षित गरी माओवादीले गरेको आक्रमणमा प्रितम बाँचे तर चार सर्वसाधारण मारिए । मारिनेमा पूर्व गाविस अध्यक्ष अहमद हाकिमका छोरा मोहम्मद मस्ताफा, स्थानीय मुमताजका छोरा मोहम्मद वकिल, रामवचन लोधका छोरा गोवर्धन लोध र अर्का गाउँले रघुवीर लोध थिए । अहमद हाकिमका अनुसार माओवादीले गलत सूचनाका आधारमा उनीहरूमाथि आक्रमण गरे । प्रितमसँगै त्यहाँ रहेका सबै जना प्रतिकार समूहकै भएको गलत सूचनाका आधारमा माओवादीले आक्रमण गरेको भनाइ मारिएका परिवारजनको पनि थियो (ज्ञवाली २०६१क) ।

त्यसरी प्रतिकारको नाममा बाँडिएका हतियार अहिलेसम्म फिर्ता भएका छैनन् । फिर्ताको प्रयास हुन त टाढाको कुरा, अचेल त तिनको चर्चा पनि हुन छाडेको छ ।

[६] नवलपरासीको बर्गदहवा घटना लगत्तै अमेरिकाबाट प्रकाशित *टाइम* पत्रिकामा प्रकाशित अन्तर्वार्तामा राजा ज्ञानेन्द्रले प्रतिकारमा उत्रिएका डाँकाहरूको स्वागत गरेको एक लेखमा उल्लेख छ । ज्ञानेन्द्रको भनाइ थियो, "... अति भनेको अति हो । यो प्रस्ट सन्देश ग्रामीण जनताले आतंककारीहरूलाई दिइरहेका छन् । उनीहरू उठिरहेका छन्" (हेर्नुहोस्, देवकोटा २०६२) ।

सत्ताच्यूत भएका राजा ज्ञानेन्द्रका मन्त्रीहरूले त आफ्नो भनाइ फेर्न असजिलो मानेनन् नै, प्रशासनले पनि हतियार दिएको कुरै अस्वीकार गरिरह्यो । तत्कालीन अञ्चल प्रहरी प्रमुख प्रकाश अर्याललले हतियार प्रकरणबारे अनभिज्ञता प्रकट गर्दै भने, "प्रशासनले दिएको थियो र ?" (ज्ञवाली २०६७) ।

## *सुरक्षा, उपयोग र प्रतिकारको शृंखला*

प्रतिकारमा कैयौँ पात्र यस्ता पनि थिए जो भारतीय नागरिक थिए । उनीहरू भारतीय प्रशासनबाट "मोस्ट वान्टेड" को सूचीमा थिए । भारतमा हत्या, डकैती, लुट, बलात्कार लगायत २२ ओटा गम्भीर फौजदारी मुद्दा लागेका कपिलवस्तुका प्रितम पाण्डे शुरूमा आफू सुरक्षित हुन माओवादी निकट भए । त्यही कमजोरीको फाइदा उठाउँदै माओवादीले उनलाई प्रयोग गर्‍यो । त्यति बेला उनलाई कसैको सहारा चाहिएको थियो र माओवादीलाई हतियार । माओवादीले भारतबाट हतियार भित्र्याउन प्रितम मार्फत सहयोग पायो । यसै क्रममा प्रितमलाई माओवादीका गोप्य सूचना बिस्तारै थाहा हुन थाल्यो । सूचना बाहिरिने आशंकामा माओवादी कार्यकर्ताले उनीमाथि निगरानी गर्न थाले । शुरूमा आफूले सहयोग गरेको र आफूसँग पनि हतियार भएको दम्भका कारण प्रितम माओवादी कार्यकर्तासँग झुकेनन् । बरु पार्टीको केन्द्रीय तहसँग सीधा सम्पर्क रहेको भन्दै उनले स्थानीय कार्यकर्तालाई टेर्न छाडे ।

कुनै बेला माओवादीलाई सघाएका प्रितम पाण्डे मंसिर २०६० मा माओवादीले हत्या गर्ने उद्देश्यले आक्रमण गरेपछि बिच्किए । गोली लागेर घाइते भएकै अवस्थामा उनले २०६१ को शुरूतिर कपिलवस्तुको सीमा क्षेत्रको एउटा बगैँचामा आफ्नो समूहलाई बन्दुक चलाउने तालिम दिलाए । त्यस समूहले माओवादीको आरोपमा जेठ अन्तिम साता रामलखन कुर्मीका छोरा र भाइको हत्या गर्‍यो । असार पहिलो साता माओवादीले पिप्रामा फेरि प्रितमको हत्या गर्ने प्रयास गर्‍यो, भिडन्तमा चार गाउँले शिकार भए । प्रितमको समूहमा रहेका आफ्ना बुबालाई माओवादीले अपहरण गरेपछि १९ वर्षीय पप्पु (सलाउद्दीन खान) ज्यान माया मारेर प्रतिकारमा होमिए ।

त्यसै गरी, भारतमा नै विभिन्न अपराधमा मुछिएका नवलपरासीका मुरारी कुशवाहा "पहलमान" लाई पनि शुरूमा माओवादीले संरक्षण दिएका थिए । माओवादीले उनलाई प्रशस्त प्रयोग गरेको थियो । तर २०५८ सालमा माओवादीले उनैको अपहरण गरेपछि उनी माओवादी विरोधी भए । २०६१ सालमा माओवादीले उनका भतिजा मुन्ना कुशवाहाको हत्या गर्‍यो र २०६२ सालमा उनकै घरमा उनको हत्या गर्ने उद्देश्यले आक्रमण गर्‍यो । दोहोरो गोली हानाहान भए पनि उनी बाँचे । त्यसपछि माओवादीहरूले पनि थुप्रै पटक

उनलाई निशाना बनाएर एम्बुस थापे, गोली हाने, तर हरेक पटक उनी बाँच्न सफल भए। उनी भन्छन् "आमनेसामने भएर धेरै गोली हानियो, कति मरे हेक्का छैन।"[७]

प्रितम कपिलवस्तुका प्रारम्भिक प्रतिकार अगुवा हुन् भने मुरारी नवलपरासीका। प्रतिकारमा उपयोग गरिएका प्रायः सबै जसोका कथा उनीहरूसँग मिल्दोजुल्दो छ।



*तस्बिर २ : नम्बर लगाएका हतियारहरू। स्रोत : राष्ट्रिय मानवअधिकार आयोग, तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय सम्पर्क कार्यालय, बुटवल।*

## कहाँ छन् ती हतियार ?

मंसिर ८, २०६३, बृहत् शान्ति सम्झौताको तेस्रो दिन। नवलपरासीको गुठी सुर्यपुरामा अपत्यारिलो माहौल थियो। झन्डै डेढ सयको ज्यान जाने गरी करिब दुई वर्षसम्म एकअर्कालाई सिध्याउन भिडेका माओवादी र प्रतिकारवादी अगुवाहरू आपसमा गला मिलाइरहेका थिए। प्रतिकारका कतिपय "नाइके" आफ्ना केही हतियार जलाइरहेका थिए,

[७] पब्लिकेशन नेपा~लयद्वारा सन् २००६ मा प्रकाशित *लडाइँमा जनता* पुस्तकमा प्रकाशित सामग्रीमा दीपक ज्ञवाली सँगको प्रतिक्रियामा उनले यस्तो भनेका थिए। नेपा~लयको अर्को पुस्तक *युद्धपछि जनता* (दीक्षित २०६४) र *फेरि यस्तो नहोस्* (सन् २००९) मा पनि उनका बारे फलोअप सामग्री प्रकाशित छ। उनीबारे *हिमाल खबरपत्रिका* र *नेपाली टाइम्स्*मा पटक-पटक सामग्री प्रकाशित छन्। हेर्नुहोस्, https://www.himalkhabar.com/index.php/news/595। साथै, ज्ञवाली (२०६७) हेर्नुहोस्।

र प्रतिकार समिति विघटन भएको घोषणा गरिरहेका थिए (हेर्नुहोस्, तस्बिर २) । यसको समन्वय गरेको थियो—राष्ट्रिय मानवअधिकार आयोग, पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले ।

आयोगले निकै मेहनत गरेर, बृहत् शान्ति सम्झौता हुनुभन्दा दुई महिना अगावै नवलपरासीमा प्रतिकारवादी र माओवादीबीच स्थानीय शान्ति सम्झौता गराइसकेको थियो । आयोगको तत्कालीन पश्चिमाञ्चल कार्यालय पोखरा र क्षेत्रीय सम्पर्क कार्यालय बुटवलको समन्वयमा गुठी सुर्यपुरामा भएको शान्ति सम्झौताको क्रममा प्रतिकारवादीहरूले हतियार बुझाए र त्यसको लिखित विवरण पनि सार्वजनिक गरे । यद्यपि, उनीहरूसँग भएकाभन्दा निकै कम हतियारको मात्र विवरण बुझाइएको आशंका छँदै थियो । उनीहरूले बुझाएकै विवरण अनुसार पनि नवलपरासीका ११ गाविसमा उनीहरूसँग २३७ थान हतियार थिए (हेर्नुहोस्, तालिका १) । तीमध्ये नौ थान आधुनिक हतियार सरकारले दिएको थियो भने २२८ थान हतियार तिनले भारतमा रहेका आफ्ना "इष्टमित्र" र स्थानीय जमिनदारको आर्थिक सहयोगमा आफैले जुटाएका थिए । ती हतियार वडा स्तरसम्म गठन भएका प्रतिकार समूहका लागि गाविस-स्तरीय प्रतिकार समूहका अध्यक्षको जिम्मा हुने गरी बाँडिएको थियो । सबैभन्दा बढी पक्लिहवाका लागि ओमप्रकाश गुप्ताको जिम्मामा ७० थान हतियार थिए भने रुपौलियाका लागि राधे यादवसँग सबैभन्दा कम ३ थान हतियार थिए ।

प्रतिकारको अवधिमा माओवादीले प्रतिकारवादीहरूलाई आफू सामु आत्मसमर्पण गर्न र हतियार बुझाउन उर्दी जारी गरेको थियो । त्यसलाई मान्दै केहीले माओवादी दलित मुक्ति मोर्चाका तत्कालीन जिल्ला अध्यक्ष राजु हरिजन मार्फत ५४ थान हतियार माओवादीलाई बुझाएका थिए । त्यस्तै, केहीले नवलपरासी जिल्ला प्रशासन तथा सुस्ता प्रहरीलाई ३९ थान हतियार बुझाएका थिए । यसरी बुझाइएका हतियार बाह्र बोर, ३१५ कट्टा, फिक्स्चर लगायतका पिस्तोल/बन्दुक थिए ।

मंसिर ८, २०६३ मा गुठी सुर्यपुरामा हतियार जलाउँदा प्रतिकार समितिका शुरूका अगुवाहरू मुन्ना खाँ, मुरारी पहलवान र उनका सहकर्मीहरू पप्पु चौहान, टिकट मियाँ, फेकु मुसहर लगायत उपस्थित थिए । त्यहाँ तिनले नौ थान हतियार जलाएका थिए । जलाइएकामध्ये १२ बोरका एकनाले टोटा सात थान, दुईनाले टोटा एक थान, थ्री-नट-थ्रीको गोली लाग्ने कटुवा पिस्तोल एक थान थिए । ती सबै कमसल र बिग्रिसकेका थिए ।

प्रतिकारवादीहरूले माओवादी तथा सरकारलाई बुझाएर र जलाएर बाँकी रहेका १३५ थान हतियार पनि छिट्टै बुझाउने बाचा गुठी सुर्यपुरामा गरेका थिए । तर त्यो बाचा कहिल्यै पूरा भएन । ती हतियार अझै शुरूमा जिम्मा लिनेसँगै भएको पूर्व प्रतिकारवादी र स्थानीय माओवादी नेताहरूको भनाइ छ । तत्कालीन जिल्ला प्रतिकार समितिका अध्यक्ष लोरिक

यादव र इन्द्रजित आदिसँग सरकारले दिएका थ्री-नट-थ्री राइफल समेत रहेको उनीहरू बताउँछन् ।[८]

## तालिका १ : कसको हातमा कति हतियार थिए ?

| गाविस | जिम्मा (प्रतिकार अध्यक्ष) | कुल प्राप्त गरेको हतियार | प्रहरीलाई बुझाएको हतियार | माओवादीलाई बुझाएको हतियार | बाँकी हतियार |
|---|---|---|---|---|---|
| पक्लिहवा | ओमप्रकाश गुप्ता | ७० | २७ | १ | ४२ |
| ठूलो खैरटवा | भरत सिंह | ३५ | १ | १६ | १८ |
| कुडिया | शंकर मल्लाह | २७ | – | – | २७ |
| भुजहवा | श्री पाण्डे | २५ | – | १६ | ९ |
| बदौली | इन्द्रजित यादव | २२ | – | १२ | १० |
| सोमनी | भागवत चौधरी | २१ | – | – | २१ |
| गुठी प्रसौनी | जन्त्री केवट | ११ | ४ | ६ | १ |
| गुठी सुर्यपुरा | वकिल मियाँ | १० | – | – | १० |
| त्रिवेणी सुस्ता | कैलान मिया | ७ | ७ | – | – |
| जमुनिया | राजेन्द्र शर्मा | ६ | – | – | ६ |
| रुपौलिया | राधे यादव | ३ | – | ३ | – |
| **कुल** | | **२३७** | **३९** | **५४** | **१४४** |

| | |
|---|---|
| जलाइएको | ९ थान |
| अझै बाँकी | १३५ थान |

साउन ३० गते नवलपरासीको कुडियाबाट गिरफ्तार भएका पूर्व प्रतिकारवादी अगुवा लोरिक यादवको घरबाट सरकारले दिएको एक थान हतियार बरामद भएको थियो । यस घटनाले पनि त्यति बेला राज्यले दिएका हतियार अझै राज्यको नियन्त्रण बाहिर छन् भन्ने पुष्टि भएको उनीहरूको तर्क छ । पूर्व प्रतिकारवादीहरू ओमप्रकाश गुप्ता, भागवत चौधरी, शंकर मल्लाह, राजेन्द्र शर्मासँग पनि सरकारले दिएको हतियार रहेको बताइन्छ ।

[८] एक पूर्व प्रतिकारवादीसँग नवलपरासीमा भदौ १५, २०६७ मा गरिएको कुराकानी ।

गुठी सुर्यपुराका लागि दश ओटा हतियार लिएका वकिल मियाँलाई माओवादीले हत्या गरेपछि ती हतियार कोसँग छन् भन्ने स्पष्ट छैन । हत्यापछि ती हतियार आफूले लगेको कुरा माओवादीले पनि स्वीकार गरेन ।

### *लुकाइएका हतियार : आतंकको लुकेको स्रोत*

राजाको सक्रिय शासनमा २०६१ सालमा माओवादी विरुद्ध खडा भएका-गरिएका प्रतिकारवादीहरू २०६२–२०६३ सालको जनआन्दोलनमा तितरबितर भए। जनआन्दोलनबाट पुनर्स्थापित संसदमा माओवादीहरू प्रवेश गरेपछि संविधानसभाको निर्वाचन हुनुअगावै प्रतिकार समितिहरू भंग भए । ती प्रतिकार समितिहरू अहिले अस्तित्वमा छैनन् । तर उनीहरूसँग रहेका त्यतिका हतियार त्यस पछिका दिनमा न कुनै सरकारी निकायलाई बुझाइएका छन्, न त नष्ट नै गरिएका छन् । केही पूर्व प्रतिकारवादीले सार्वजनिक रूपमै जीवनशैली फेरेको र हतियार बुझाएको घोषणा गरेको अवस्थामा बाहेक प्रहरीले पनि कुनै हतियार बरामद गरेको छैन ।

त्यसो भए ती सात सय हतियार आखिर कोसँग, कहाँ छन् त ? शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन कटिबद्ध भनिएका त्यसपछि गठन भएका कुनै पनि सरकारलाई यसको पत्तो छैन । पटक-पटक सत्ता सम्हालिसकेका तत्कालीन विद्रोही वा अन्तर्राष्ट्रिय अनुगमनकर्तालाई पनि यसबारे हेक्का छैन ।

प्रतिकारवादीका नाइकेहरूमध्ये केहीले सामान्य जीवन प्रारम्भ गरे पनि अधिकांश चाहिँ आतंकको धन्दामा सक्रिय रहे । उनीहरू विभिन्न आवरण र रूपमा, विविध नामका सशस्त्र समूहमा आबद्ध भएर वा आफ्नै समूह खडा गरेर यस धन्दामा लागेका छन् । तथ्यहरूले पुष्टि गर्छन्, ती सारा हतियार अहिले पनि उनीहरूसँग नै छन् र तिनकै बलमा उनीहरूले अपराधको दुनियाँ सञ्चालन गरिरहेका छन् (ज्ञवाली २०६७) । त्यस बेला हतियार व्यवस्थापनमा सक्रिय रहेका मानवअधिकार आयोगका अधिकृत चन्द्रकान्त चापागाईं भन्छन्, "ती हतियारको खोजी र व्यवस्थापनबिना यस क्षेत्रमा शान्ति प्रक्रिया निष्कर्षमा पुग्ने कल्पना गर्न सकिँदैन ।"

यो धारणा र चिन्तालाई शान्ति सम्झौतापछि मधेसमा भएका आपराधिक घटनाले पुष्टि गर्छन् । मंसिर ७, २०७५ मा कपिलवस्तुको शुद्धोदन गाउँपालिका ४ मोतीभारीमा स्थानीय युवा नेता दीपेन्द्रकुमार चौधरी (राजाबाबु) को हत्या भयो । गोली प्रहारबाट मारिएका चौधरी प्रदेश नम्बर ५ अन्तर्गत कपिलवस्तु निर्वाचन क्षेत्र नम्बर १ख बाट स्वतन्त्र उम्मेदवार थिए । हत्यामा तीन जना संलग्न रहेको उनको परिवारको किटानी जाहेरी छ । हत्यामा संलग्नताको आशंकामा स्थानीय अमित र रामकृष्ण पाण्डे दुई दाजुभाइलाई प्रहरीले पक्राउ

गऱ्यो । अर्का आरोपित व्यक्ति अजित पाण्डे फरार छन् । हत्याको आक्रोशमा मृतकका आफन्तले उनको घरमा आगजनी गरेका थिए (ज्ञवाली २०७५) ।

यो घटना माओवादी र प्रतिकारवादी बीचको पुरानो तुषको नयाँ अभिव्यक्ति थियो । हत्यामा पहिले लुकाएका हतियारकै प्रयोग भएको अधिकारकर्मीहरूको आशंका छ । मृतक चौधरी र हत्याको आरोप लागेका पाण्डे दाजुभाइको पृष्ठभूमि विगतको प्रतिकारसँग जोडिएको छ । आरोपित पाण्डे दाजुभाइ माओवादीबाट सताइएका तथा प्रतिकारमा उत्रिएका व्यक्ति हुन् भने मृतक पनि प्रतिकारवादीको नजिक रहेका र पछि मधेस-केन्द्रित दल निकट हुँदै स्वतन्त्र भएका थिए, र पछि नेकपामा प्रवेश गरे । पाण्डे दाजुभाइ पहिले प्रतिकारमै थिए र पछि नेपाली कांग्रेस निकट देखिए । दुवै पक्षसँग त्यति बेलादेखि नै हतियार थिए । उनीहरू बीचको प्रतिशोध पछि प्रकट भएको थियो । यो घटना त्यति बेलाका माओवादी र प्रतिकारवादी बीचको द्वन्द्वकै परिणाम हो । त्यति बेलाका हतियार व्यवस्थापन नगर्दा आजसम्म पनि हत्या हिंसाका घटना भइरहेका छन् ।

यसअघि पनि यस्ता प्रतिशोधका घटना भएका छन् ।[९] शान्ति प्रक्रियापछि तीन जिल्लामा यस्ता धेरै अनिष्टका घटना भए । भदौ ३०, २०६४ मा कपिलवस्तुको कृष्णनगरमा भएको घटना त्यसैको एउटा प्रतिनिधि मूलक ठूलो घटना हो, जहाँ पूर्व प्रतिकारवादी अगुवा मोहित खाँको हत्या भएको थियो (हिमाल फोटो पत्रिका २०६५क र २०६५ख) । उनको हत्यापछि भदौ ३०, २०६४ मा भड्किएको हिंसामा २० जनाको ज्यान गयो । अर्बौंको सम्पत्ति नष्ट भयो ।

शान्ति प्रक्रिया टुंगिएपछि मधेसमा धेरै सशस्त्र समूहको जन्म भयो । धेरै हिंसाका घटना पनि भए । व्यक्ति हत्याको शृंखला पनि बढे । माओवादी र अरू सशस्त्र समूहबीच तानातानको अवस्था पनि उत्पन्न भयो । मधेसीका अधिकारको मागका नाममा धेरै आन्दोलन पनि भए (मिश्र २०६४ : ५२) ।

[९] मधेस मानवअधिकार गृह कपिलवस्तुका अध्यक्ष तथा त्यति बेला प्रतिकारवादीका हतियार व्यवस्थापनको प्रयासमा सक्रिय रवीन्द्रनाथ ठाकुर भन्छन्, "राज्यले समेत दिएका हतियारको अहिलेसम्म व्यवस्थापन नगर्दा यस्ता धेरै हिंसाका घटना भएका छन् । त्यति बेला केही मन्त्रीले सार्वजनिक रूपमै माओवादीको प्रतिकार गर्न उक्साएका थिए । हतियार दिने घोषणा पनि गरेका थिए । सैन्य क्याम्पहरूमा उनीहरूलाई तालिम पनि दिए । तिनै हतियारबारे अहिलेसम्म खोजबिन भएको छैन । नवलपरासीको स्थानीय शान्ति सम्झौतापछि कपिलवस्तु र रुपन्देहीमा पनि प्रतिकारकारीका हतियार व्यवस्थापन गर्ने योजनाका साथ हतियारको विवरण संकलन गरिरहेका थियौँ । तर कपिलवस्तुमा मोहित खाँको हत्यापछि हिंसा भड्कियो । त्यसयता अहिलेसम्म ती हतियारबारे कसैले खोजी गरेन । तिनै हतियारका कारण अहिले पनि हिंसा भइरहेको छ ।" ठाकुरसँग मंसिर ९, २०७५ मा गरिएको कुराकानी ।

राष्ट्रिय मानवअधिकार आयोग, पश्चिमाञ्चल उपक्षेत्रीय कार्यालय बुटवलले त्यति बेला गरेको अध्ययन अनुसार शान्ति प्रक्रिया प्रारम्भ भएयता पनि नवलपरासी, कपिलवस्तु र रुपन्देहीमा राजनीतिक व्यक्तिहरूको प्रतिशोधपूर्ण हत्यासँगै सर्वसाधारणको हत्या, चन्दा आतंक, धम्कीजस्ता हिंसात्मक घटनाको दर उच्च थियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कपिलवस्तुका प्रतिनिधि नन्दराम पौडेलका अनुसार कपिलवस्तुमा २०६४ सालमा मोहित खाँको हत्या लगत्तै भड्किएको हिंसाका पछाडिको खास कारण पनि यिनै हतियार हुन् । उनको भनाइमा माओवादी लडाकू र तिनका हतियार व्यवस्थापन भएको यतिका वर्ष बित्दा पनि राज्यबाटै उक्साइएका प्रतिकारवादीहरूका हतियार नखोज्दाको परिणाम स्थानीय स्तरमा शान्तिको अनुभव हुन सकेको छैन ।[१०]

फिर्ता नगरिएका सम्पूर्ण हतियार पूर्व प्रतिकारवादीहरूसँगै रहेको दाबी गर्छन् एकीकृत माओवादीका पूर्व नवलपरासी इन्चार्ज कृति, “फरक आवरणमा रहेर उनीहरूले तिनै हतियारका भरमा आतंक मच्चाइरहेका छन्” (ज्ञवाली २०६७ मा उद्धृत) । शान्ति प्रक्रिया शुरू भएपछि यी तीन जिल्लामा राजनीतिक व्यक्तिहरूको सशस्त्र हत्या भएको र सबैमा तिनै हतियार प्रयोग भएको उनको दाबी छ । उनका अनुसार भदौ ११, २०६५ मा कपिलवस्तुको हल्लोडियामा माओवादी कार्यकर्ता यमबहादुर थापाको हत्या गरेर भाग्न लाग्दा वीरपुरको कुदरबेटवामा समातिएका पूर्व प्रतिकारवादी राजेश कुर्मीसँग ९ एमएमको ब्राउनिङ माउजर भेटिएको थियो । उनको भनाइ छ, “त्यो उनीहरूलाई सेनाले दिएको हतियार हो । त्यस्तो हतियार अरूसँग हुँदैन ।” पहिलो संविधान सभा निर्वाचन लगत्तै मोतिपुरमा मारिएका माओवादी कार्यकर्ता प्रेम परियारको हत्यामा चाइनिज माउजर प्रयोग भएको भेटिएको थियो भने निर्वाचनताका मारिएका अर्का कार्यकर्ता पुजन कुर्मीको हत्यामा एसएलआरको गोली प्रयोग गरिएको थियो । यस्ता सबै घटनामा त्यति बेला सरकारले दिएका हतियार प्रयोग भएका छन् भन्ने उनको दाबी छ ।

त्यसो त माओवादीकै कैयौँ कार्यकर्तासँग पनि हतियार रहेको जिकिर गर्छन् पूर्व प्रतिकारवादीहरू । द्वन्द्वका बेला सुरक्षाकर्मीबाट उनीहरूले खोसेका सबै हतियार प्रमाणीकरण गरिएको छैन र आफूहरूले बुझाएका ५४ मध्ये कैयौँ हतियार पनि उनीहरूसँगै छन् भन्ने तिनको दाबी छ (ज्ञवाली २०६७) । तर पूर्व माओवादीका नवलपरासी सचिव राजु हरिजन आफूले त्यस बेला प्रतिकारवादीहरूबाट ५४ थान हतियार बुझेको अस्वीकार गर्छन् । उनी भन्छन्, “मलाई उनीहरूले २५–३० ओटा मात्र हतियार दिएका हुन् । ती पनि उहिल्यै सम्बन्धित निकायमा बुझाइसकेको हुँ ।” त्यसयता आफूहरूले कसैबाट हतियार नलिएको र प्रतिकारवादीले बुझाउँछौँ भनेका थुप्रै हतियार पनि कहीँ कतै नबुझाएको उनको भनाइ छ ।

[१०] पौडेलसँग मंसिर ९, २०७५ मा कपिलवस्तुको तौलिहवामा गरिएको कुराकानी ।

## टुंगोमा नपुगेको अभियान

प्रतिकारवादीका हतियार व्यवस्थापन गर्ने राष्ट्रिय मानवअधिकार आयोगको अभियान कहिल्यै टुंगोमा पुगेन । त्यसयता उनीहरूले कतै हतियार बुझाएनन्, नष्ट पनि गरेनन् । त्यस बेला नवलपरासीका बाँकी हतियारसँगै तीन ओटै जिल्लाका प्रतिकारवादीसँग रहेका सम्पूर्ण हतियार व्यवस्थापन गर्ने योजना थियो । त्यस क्रममा कपिलवस्तुका अगुवा मोहित खाँ र रुपन्देहीका अगुवा सन्तोष श्रीवास्तव लगायतसँग पटक-पटक वार्ता भएको थियो । खाँसँग त एक पटक लगातार १२ घण्टा वार्ता गरिएको थियो । वार्तापछि उनीहरू सबै हतियार बुझाउन तयार भएका थिए । त्यही अभियानमा खटेका आयोगका मानवअधिकार अधिकृत ठाकुर चापागाईं भन्छन्, "तर विभिन्न कारणले गर्दा अभियान त्यही रफ्तारमा अघि बढ्न सकेन ।"[११]

अभियान टुंगोमा पुग्न नसक्नुको एउटा प्रमुख कारण थियो, आयोगभित्रै उठेको विवाद । प्रतिकारवादीहरूका हतियार पार्टीलाई दिनुपर्ने माओवादी दबाब र आफूलाई बुझाउनुपर्ने प्रशासनको अडानबीच तेस्रो विकल्प खोज्ने क्रममा तिनलाई जलाउने निर्णय गरिएको थियो । त्यही निर्णय अनुसार नवलपरासीमा नौ ओटा हतियार जलाइए पनि । तर मानवअधिकार आयोगकै संलग्नतामा हतियार जलाउनु ठीक कि बेठीक भन्ने विवाद आयोगभित्र चर्क्यो र हतियार व्यवस्थापन अभियानमा लागेका व्यक्तिहरू पछि हटे । त्यसपछि एउटै हतियार कतैबाट फिर्ता भएन ।[१२] पछि बनेका सरकारहरूले "विशेष सुरक्षा योजना" अन्तर्गत हतियार बुझाउन प्रोत्साहित गर्ने कार्यक्रम घोषणा गरे । तर त्यसले कसैलाई छोएन ।

मधेस विद्रोहताका उदाएका कैयौँ सशस्त्र समूह वार्तामा आए । उनीहरूले केही हतियार पनि बुझाए । तर प्रतिकारताका सरकारी निकायले नम्बर टाँसेर प्रतिकारवादीहरूलाई दिएका र प्रतिकारवादीहरू आफैले जुटाएका हतियार बुझाएको कतै प्रमाण भेटिँदैन ।

केपी ओली नेतृत्वको सरकारले २०७५ मा पूर्वमन्त्री सोमप्रसाद पाण्डेको नेतृत्वमा गठन गरेको उच्चस्तरीय अधिकार सम्पन्न राजनीतिक वार्ता टोलीले सात महिनामा द्वन्द्वरत, संविधानभन्दा बाहिरी गतिविधि गरेका, असन्तुष्ट, सशस्त्र समूहहरूसँग वार्ता गऱ्यो । केही समूहले हतियार पनि बुझाए । तर तत्कालीन प्रतिकारवादीहरूसँग भएका हतियारको कुनै पहिचान र चर्चा नै भएन । सात महिना कार्यकाल रहेको पाण्डे नेतृत्वको समितिले ४४ ओटा त्यस्ता समूह पहिचान गरेको थियो । तीमध्ये १६ ओटा अस्तित्वमै नरहेको देखेपछि

[११] अहिले दक्षिण सुडानमा रहेका चापागाईंको कथन थियो, "त्यो बेला हामी हतियार व्यवस्थापनमा लागेका थियौँ । पछि झमेला भयो । त्यो बेला संकलित हतियारको सूची ठीक हो । उहाँहरूले नै बुझाएको विवरण थियो ।" चापागाईंसँग अनलाइनमा माघ २१, २०७५ मा गरिएको कुराकानी ।

[१२] एक अधिकारकर्मीसँग कपिलवस्तुको तौलिहवामा मंसिर ९, २०७५ मा गरिएको कुराकानी ।

बाँकी समूहसँग वार्ता भएको थियो। त्यति बेला विभिन्न सात ओटा समूह विभिन्न प्रकारका करिब दुई सय हतियार बुझाएर निःशस्त्र बनेका थिए। तत्कालीन संयोजक पाण्डे भन्छन्, "त्यति बेला सार्वजनिक आह्वानसँगै अध्ययन गरिएको हो। तर प्रतिकारसँग जोडिएकाहरू र उनीहरूका हतियार सम्बन्धी कुनै पहिचान भएन।"[१३]

यसअघि २०७१ मा तत्कालीन सरकारले आनन्दप्रसाद ढुंगानाको नेतृत्वमा सशस्त्र समूहहरूसँग वार्ता गर्न समिति बनाएको थियो। संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिबाट जेठ ८, २०७१ मा गठित प्रारम्भिक वार्ता उपसमितिले २१ ओटा सशस्त्र समूह लगायत धेरै समूहसँग वार्ता गरेको थियो (हेर्नुहोस्, अनुसूची १)। वार्ताको क्रममा नौ ओटा समूहले हतियार बुझाएका थिए।

यसअघि विभिन्न सरकारका पालामा शान्ति मन्त्रालयले करिब १०१ ओटा समूहसँग वार्ता गरेको थियो। जेठ ८, २०७१ देखि मंसिर २६, २०७१ सम्म देशका ठूला-साना नौ सशस्त्र समूहले वार्ताका क्रममा सरकारलाई हतियार बुझाएका थिए।

मंसिर २६, २०७१ मा रुपन्देहीको भैरहवामा भएको वार्तामा पश्चिम तराईमा सक्रिय भूमिगत सशस्त्र समूह तराई मधेशी टाइगर्सले आफूसँग भएका सबै हतियार सरकारलाई बुझाउने प्रतिबद्धता जनाएको थियो। तत्कालीन सरकारी समितिको स्रोत अनुसार उक्त समूहसँग १३० थान हतियार थिए। उक्त समूहले पक्राउ गरिएका आफ्ना कार्यकर्ताको रिहाइको शर्त सहित यस्तो सहमति गरेको थियो। वार्तामा सहभागी एक पात्र उनै प्रितम पाण्डे थिए जो पहिले माओवादीका सहयोगी र पछि प्रतिकारवादी हुँदै टाइगर्सका अगुवा भए। युद्धको शुरूआती चरणमा पहिले माओवादी भएको र पछि माओवादीकै प्रतिकारमा उत्रिएकाहरू समेत संगठित रहेको उक्त समूहले लामो समयदेखि पश्चिम तराईका जिल्लामा सशस्त्र क्रियाकलाप गर्दैआएको थियो।[१४]

## निष्कर्ष

अनेक राजनीतिक उतारचढावबीच शान्ति प्रक्रियाले विभिन्न आयाम थपे पनि पुराना हतियारको खोजबिन नहुँदा जहिले पनि हिंसा दोहोरिने खतरा रहेको छ। उदाहरणका लागि उच्च अधिकार सम्पन्न राजनीतिक वार्ता टोली २०७५ ले नेपाल कम्युनिस्ट पार्टी (विप्लव समूह) बाहेक सबै सशस्त्र समूहसँग वार्ता भएको र अब अन्य समूह सक्रिय नरहेको निष्कर्ष निकाले पनि प्रतिकारवादीका पुराना हतियारको प्रयोग जहिले पनि हुन

[१३] संयोजक पाण्डेसँग माघ २१, २०७५ र मंसिर १२, २०७६ मा गरिएको कुराकानी।

[१४] सो दिन भैरहवामा पत्रकार सम्मेलनमा सार्वजनिक मन्तव्य दिँदै वार्ता टोली संयोजक जयप्रकाश यादवले भनेका थिए, "हो, हामीले हाम्रा हतियारहरू बुझाउने प्रतिबद्धता जनायौँ, र शान्तिपूर्ण राजनीति गर्दै संविधान निर्माणमा सकारात्मक सहयोग गर्ने प्रतिबद्धता जनायौँ।"

सक्ने आशंका छ । कपिलवस्तु र नवलपरासी लगायतका जिल्लामा बेला-बेलामा देखिने हिंसाका घटनाले आगामी दिनमा पनि अनिष्ट हुन सक्ने संकेत गर्छन् । त्यसैले शान्ति प्रक्रियालाई पूर्ण बनाउन पनि त्यति बेलाका हतियार खोज्न, व्यवस्थापन गर्न र असन्तुष्ट समूहहरुलाई राजनीतिक प्रक्रियामा ल्याउन ढिलाइ गर्नु हुँदैन ।

## धन्यवाद

अनुसन्धान क्षमता अभिवृद्धि कार्यक्रममा सहभागिता सहित प्रकाशनको अवसर दिएकोमा मार्टिन चौतारीप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो लेखन र प्रकाशनको विभिन्न चरणमा सल्लाह र सुझाव दिने मार्टिन चौतारीका लोकरञ्जन पराजुली, प्रत्यूष वन्त, सोहन प्रसाद साह तथा महेशराज महर्जन लगायतलाई धन्यवाद । अनुसन्धानका बैठक, अन्तर्क्रिया, कार्यशाला लगायतको चाँजोपाँजो मिलाउने मधेश मानवअधिकार गृह (माहुरी होम) कपिलवस्तुलाई पनि विशेष धन्यवाद ।

## सन्दर्भ सामग्री

अधिकारी, चेतना । २०६२क । दश गाउँलेको विभत्स हत्या । *कान्तिपुर*, वैशाख ४, पृ. १ ।

अधिकारी, चेतना । २०६२ख । भुल्नै नसकिने त्यो घटना (रिपोर्टरको डायरी) । *कान्तिपुर*, वैशाख ५, पृ. ७ ।

घिमिरे युवराज । २०६१ । अहिंसात्मक प्रतिकारको शक्तिलाई आदर गर्न सिक्नुपर्छ माओवादीहरूले । *समय*, मंसिर ७, पृ. ५८ ।

ज्ञवाली, दीपक । २०६१क । माओवादीको प्रतिकारमा संगठित डाँकाहरू । *समय*, असार ३, पृ. २६ ।

ज्ञवाली, दीपक । २०६१ख । माओवादीविरुद्ध सर्वसाधारणको प्रतिकार । *समय*, फागुन २०, पृ. १६ ।

ज्ञवाली, दीपक । २०६३ । हिंसा भड्किने त्रास । *समय*, असार ७, पृ. ३१ ।

ज्ञवाली, दीपक । २०६७ । कहाँ छन् हतियार ? *राजधानी*, विशेष परिशिष्टांक, असोज २, पृ. १ र पृ. घ ।

ज्ञवाली, दीपक । २०७५ । द्वन्द्वका हतियार, अहिलेको अपराध । *हिमाल खबरपत्रिका* २७(३३) : २२–२३ ।

दीक्षित, कुन्द । २०६४ । *युद्धपछि जनता* । काठमाडौँ : पब्लिकेसन नेपा~लय ।

देवकोटा, सुवास । २०६२ । बाबुराम, बल र बर्गदहवा । *समय*, वैशाख १५, पृ. २९ ।

मिश्र, विजयप्रसाद । २०६४ । मधेसी विद्रोहको ऐतिहासिक विवेचना : पूर्वी मधेसको सन्दर्भ । *मधेस विद्रोहको नालीबेली* । भास्कर गौतम, सं., पृ. ३७–५८ । काठमाडौँ : मार्टिन चौतारी ।

शाह, जितेन्द्र । २०६२ । माओवादीपीडितको चक्काजाम, ५१ पक्राउ, पछि रिहा । *कान्तिपुर*, वैशाख ३१, पृ. १ ।

हिमाल फोटो पत्रिका । २०६५क । कपिलवस्तुको आगो : २० को ज्यान गयो । वैशाख १–१५ (अतिरिक्त अंक), पृ. ५३ ।

हिमाल फोटो पत्रिका । २०६५ख । मधेस आक्रोश । वैशाख १–१५ (अतिरिक्त अंक), पृ. २० ।

## अनुसूची १ : मंसिर २६, २०७१ मा रुपन्देहीको भैरहवामा सार्वजनिक गरिएको वार्ता र सहमतिबारे रिपोर्ट

वार्ता : २१ समूहसँग

सहमति : २१ ओटै समूहसँग

हतियार बुझाएका समूह : ९

**हतियार बुझाउने सशस्त्र समूहहरू**

१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संजय कुमार गुप्ता कौटिल्य समूह)

अध्यक्ष : संजय कुमार गुप्ता

वार्ता : २०७१/०४/२५ जनकपुर

सहमति : पाँच बुँदे ।

बुझाइएको : २०७१/०६/१० मा कपिलवस्तुमा वार्ता टोलीका सदस्यको रोहबरमा नेपाल सरकारलाई ।

२. जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह)

अध्यक्ष : महाराज यादव

वार्ता : २०७१/०४/२६ जनकपुर

सहमति : चार बुँदे

बुझाइएको : २०७१/०६/०९ मा वीरगंजमा वार्ता टोलीका सदस्यको रोहबरमा नेपाल सरकारलाई ।

३. अखिल तराई मुक्ति मोर्चा (अजित सिंह)
अध्यक्ष : अजय यादव
वार्ता : २०७१/०४/२६ जनकपुर
सहमति : चार बुँदे
बुझाइएको : नेपाल सरकारलाई ।

४. मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)
अध्यक्ष : रामबाबु यादव
वार्ता : २०७१/०४/२६ जनकपुर
सहमति : पाँच बुँदे
बुझाइएको : २०७१/०८/२० गते जनकपुर र २१ गते सप्तरीमा सरकारलाई ।

५. माओवादी कम्युनिस्ट केन्द्र नेपाल
अध्यक्ष : निर्माण
वार्ता : २०७१/०५/०८ नेपालगञ्ज
सहमति : पाँच बुँदे
बुझाइएको : २०७१/०७/३० गते हेटौंडामा नेपाल सरकारलाई र दोस्रो चरणमा मध्यपश्चिम क्षेत्रमा बुझाउने प्रतिबद्धता ।

६. संयुक्त जनक्रान्ति पार्टी नेपाल
(गजेन्द्र मण्डल समूह)
अध्यक्ष : भुवनेश्वर मण्डल
वार्ता : २०७१/०६/१२ काठमाडौँ
सहमति : चार बुँदे
बुझाइएको : २०७१/०८/२० गते जनकपुर र २१ गते सप्तरीमा सरकारलाई ।

७. तराई मिलिटरी मोर्चा
अध्यक्ष : मकेश्वर महतो (आहूत सिंह)
वार्ता : २०७१/०६/२६ काठमाडौँ
सहमति : तीन बुँदे
बुझाइएको : २०७१/०८/२० गते जनकपुरमा सरकारलाई ।

**वार्ता भएका समूहहरू**

किरात जनवादी वर्कर्स पार्टी
संयुक्त जातीय मुक्ति मोर्चा नेपाल
स्टेट फोर्स लिम्बूवान
किरात जनवादी वर्कर्स पार्टी
मञ्च सम्बद्ध संघीय लिम्बूवान राज्य परिषद्
संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (विद्रोही समूह)
संघीय लिम्बूवान राज्य परिषद्
सयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (संजय कुमार गुप्ता समूह)
मधेशी भाइरस किलर्स
जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह)
अखिल तराई मुक्ति मोर्चा (अजित सिंह)
मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)
जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह समूह)
माओवादी कम्युनिस्ट केन्द्र नेपाल
संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह)
मंगोलियन नेशनल रिभोल्युसनरी पार्टी
जनतान्त्रिक तराई मुक्ति मोर्चा (मनोज मुक्ति समूह)
संयुक्त जनक्रान्ति पार्टी नेपाल (गजेन्द्र मण्डल समूह)
तराई मलेटरी मोर्चा
संयुक्त जातीय मुक्ति मोर्चा महरा समूह
तराई मधेशी टाइगर्स पार्टी ।

*स्रोत: तत्कालीन प्रारम्भिक वार्ता उपसमिति, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति ।*